बैठक संख्या-१६ मिति: २०७१।०३।१८
बिहान ६:०० बजे

उपस्थिती-

श्री भोजराज खतिवडा- कार्यकारी अधिकृत - धरान नगरपालिका (हस्ताक्षर)

आज मिति २०७१।०३।१८ गते बुधवारका दिन धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

निर्णय नं. १- लैंगिक समानता तथा सामाजिक समावेशी कार्यदल गठनकालागि गरिएको निर्णयलाई टाँस गरी प्रमाणीत गरिएको छ।

निर्णय:– लैंगिक समानता तथा सामाजिक समावेशी कार्यदल गठन सम्बन्धमा।

नेपाल सरकार तथा एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा संचालन भैरहेको एकिकृत शहरी विकास आयोजना अन्तर्गत धरानको खानेपानी परियोजनाको लागि पनि Project Administration Manual मा व्यवस्था भए अनुसार लैंगिक समानता तथा सामाजिक समावेशी कार्यदल (Gender Equlity and Social Inclusion Technical Working Team) गठन गर्नुपर्नेमा तपशिल बमोजिमको १७ सदस्यीय कार्यदल मिति २०७०।१२।२३ गतेको भेलाबाट गठन भएकोलाई समितिलाई संसोधन सहित आजको बोर्ड बैठकबाट अनुमोदन गरियो।

तपशिल

| क्र.सं. | पद | नामथर | कार्यालय |
|---|---|---|---|
| १ | संयोजक | कार्यकारी अधिकृत श्री भोजराज खतिवडा | धरान नगरपालिका |
| २ | सदस्य | महिला तथा वा.विकास अधिकृत श्री जानकी राठी | महिला तथा वाल विकास कार्यालय |
| ३ | सदस्य | वरिष्ठ प्रशासकिय अधिकृत श्री गणेशप्रसाद खतिवडा | धरान नगरपालिका |
| ४ | सदस्य | वरिष्ठ कर अधिकृत श्री खगेन्द्रप्रसाद खतिवडा | धरान नगरपालिका |
| ५ | सदस्य | वरिष्ठ ईन्जीनियर श्री सुरज श्रेष्ठ | धरान नगरपालिका |
| ६ | सदस्य | वरिष्ठ आलेप अधिकृत श्री रमेशकुमार साह | धरान नगरपालिका |
| ७ | सदस्य | सुचना अधिकृत श्री भक्तिराज शर्मा | धरान नगरपालिका |
| ८ | सदस्य | सामाजिक विकास अधिकृत श्री सुनिल नेपाल | धरान नगरपालिका |
| ९ | सदस्य | लैससास विज्ञ श्री प्रकासभक्त श्रेष्ठ | BDA Pvt. Ltd |
| १० | सदस्य | सामाजिक सहजकर्ता श्री हेमा थलङ | धरान नगरपालिका |
| ११ | सदस्य | वडा सचिव श्री नारायण श्रेष्ठ | ११ नं. वडा समितिको कार्यालय |
| १२ | सदस्य | वडा सचिव श्री प्रेम उप्रेती | १७ नं. वडा समितिको कार्यालय |
| १३ | सदस्य | सामाजिक विज्ञ श्री मोहन श्रेष्ठ | IRDC Pvt. Ltd. |
| १४ | सदस्य | वडा सचिव श्री रन्जु भूजेल | ८ नं. वडा समितिको कार्यालय |
| १५ | सदस्य सचिव | सामाजिक विकास अधिकृत श्री चक्रकुमार राई | IUDP-PIU-Dharan |
| आमन्त्रीत | | | |
| १ | टोली प्रमुख | श्री मुरारीलाल चौधरी(थारु) | BDA Pvt. Ltd |
| २ | टोली प्रमुख | श्री उदयराज प्रसाईं | IRDC Pvt. Ltd. |

बाँकी अर्को पेजमा।

निर्णय नं.२. हेल्थपार्क निर्माण सम्बन्धमा:-

धरान नगरपालिका वडा नं.१३ (जिरो प्वाइन्ट उत्तर) धनकुटा जाने बाटोको छेउमा रहेको १३ नं वडा समिति कार्यालयको खाली जग्गामा नगरपालिकाको दीर्घकालिन योजना अनुसार हेल्थ पार्क निर्माण गर्ने बृहत योजना अनुसार शहीद लखन थापा स्मृती हेल्थ पार्क निर्माण समिति, हड्‌कड्‌बाट प्राप्त पत्र अनुसार सो क्षेत्रमा हेल्थ पार्क निर्माणका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं- ३

फरफारक तथा अन्तिम किस्ता रकम माग गर्ने सम्बन्धमा- ~~स्थानीय विकास~~ संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको जगेडा कोषको सहयोगमा संचालन गर्ने मिति २०७१०३१९ गते बसेको नगरपालिका बोर्ड बैठकको निर्णय अनुसार तपसिलका योजनाहरु संचालन भई सकेको हुंदा उक्त योजनाहरुको जाँचपास तथा फरफारक गरियो। साथै उक्त मन्त्रालयमा जगेडा कोष अन्तर्गत ~~कार्यक्रमको लागि~~ तपसिल बमोजिमका कार्यक्रमका लागि अन्तिम किस्ता रकम माग गर्ने निर्णय गरियो।

(१) धरान-११, ~~किसान~~ किसान पथ ढल निर्माण- रु ३,००,०००/-
(२) धरान-१९, भुमीपथ ढल निर्माणकार्यको - रु १०,६८,०००/-
(३) धरान-१५, तुलसीपथ ढल तथा रुजिङ्‌वाल- रु १४,६३,०००/-
(४) धरान-१७, विशाल स्कोन मार्ग ढल निर्माण- रु ८,९३,०००/-
(५) धरान-१६, सप्तरंगी पार्क कम्पाउण्ड वाल निर्माण रु १०,५०,०००/-

जम्मा रु ५३,९६,०००/- अक्षरुपी- त्रिपन्न लाख, छयानब्बे हजार मात्र।

आजको बोर्ड बैठक बिहान-१०- बजे समाप्त गरियो- माइन्युट कर्ता- भक्तिराज शर्मा